जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ७१ २०७९ साल असोज २५ गते मंगलबार (11 Oct 2022 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np




यस अंक भित्र : २ पृष्ठमा : संविधानअनुसार समयमै... ३ पृष्ठमा : निर्वाचनबाट कोको नेता ... ३ पृष्ठमा :भारतका प्रभावशाली नेता...

# कसैले पार्टीबाटै त कसैले स्वतन्त्र रुपमै दिए दुबै गठबन्धनबिरुद्ध उम्मेदवारी



अशोक मण्डल (स्वतन्त्र), तुलसी चौधरी (लोसपा), सुरेन्द्र शर्मा मधेशी (स्वतन्त्र), अनिल कुमार गुप्ता (स्वतन्त्र), गजेन्द्र कुमार मण्डल (लोसपा), अनिरुद्ध प्रसाद सिंह यादव (स्वतन्त्र), ललिता कुमारी लता (स्वतन्त्र)

**दैनिक समाचारदाता**
**राजविराज, २४ असोज ।**

आगामी मंसिर ४ हुने प्रतिनिधीसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागी केन्द्रियस्तरमा बनेको गठबन्धन सप्तरी जिल्लामा भत्किएको छ । जसकाकारण गठबन्धनका आधिकारिक उम्मेदवारहरु तनावमा परेका छन् ।

जिल्लामा गठबन्धनको सहमती विपरित प्रतिनिधीसभा क्षेत्र नं. १ र ३ तथा प्रदेशसभा १ को क, क्षेत्र नं. ३ को क र ख तथा क्षेत्र नं. ४ को ख मा उम्मेदवारी परेको छ ।

पाँच दलिय गठबन्धन अन्तरगत काँग्रेसको भागमा परेको प्रतिनिधीसभा क्षेत्र नं. १ बाट संविधानसभा सदस्य समेत रहेका माओवादी केन्द्र सप्तरीका इन्र्चाज अशोक कुमार मण्डल (अमर)ले स्वतन्त्र उम्मेदवारी दिएका छन् । यस क्षेत्रमा पाँच दलिय गठबन्धनबाट नेपाली काँग्रेसका रामदेव साह साझा उम्मेदवार हुन् ।

मण्डललाई गठबन्धनका तर्फबाट पार्टीले सोही क्षेत्रको प्रदेशसभा १ बाट टिकट दिएपनि सो अस्विकार गर्दै प्रतिनिधीसभा सदस्य पदमा स्वतन्त्र उम्मेदवारी दिए । यसअघि पार्टीले मण्डलको नाम प्रतिनिधिसभा क्षेत्र नं. १ र प्रदेशसभा ख दुबैबाट सिफारिस गरेको थियो । तर, गठबन्धन बनेपछि उनको टिकट प्रदेशसभा १ का लागि आएको भन्दै टिकट वितरणमा मण्डलले असन्तुष्टि जनाए ।

यता मण्डलले स्वतन्त्र उम्मेदवारी दर्ता गराएपछि गठबन्धन भित्र पनि असन्तुष्टि संगै शंका उपशंका र विश्वासको संकट उत्पन्न भएको र यसलाई सच्याउनु पर्ने नेपाली काँग्रेसका केन्द्रिय सदस्य दिनेश यादवको भनाई छ ।

यस्तै काँग्रेसका केन्द्रीय सदस्य यादव उम्मेदवार रहेको प्रतिनिधीसभा क्षेत्र नं. ३ मा पनि गठबन्धन भित्रका दल लोसपाका तर्फबाट लक्ष्मीकान्त मण्डलले उम्मेदवारी दर्ता गराएका छन् ।

यस्तै सोही प्रतिनिधिसभा क्षेत्रमा जनमत पार्टीका केन्द्रिय सदस्य समेत रहेका सुरेन्द्र शर्मा मधेशीले पार्टीको आधिकारिक उम्मेदवार अनिस अन्सारी बिरुद्ध स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् ।

जिल्लाको प्रतिनिधिसभा क्षेत्र नं. १ को प्रदेशसभा क मा गठबन्धनको सहमति विपरित लोसपाका तुलसी चौधरीले गठबन्धनका आधिकारिक उम्मेदवार माओवादी केन्द्रका वेचन चौधरी बिरुद्ध उम्मेदवारी दर्ता गराएका छन । सोही प्रदेशसभा क्षेत्रबाट पूर्वमन्त्री एवं काँग्रेसी नेता हेमराज तातेडले पनि स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् ।

यस्तै प्रतिनिधिसभा क्षेत्र नं. ३ को प्रदेशसभा क मा गठबन्धनका आधिकारिक उम्मेदवार काँग्रेसका मो. समिम बिरुद्ध नेकपा एकीकृत समाजवादीका अनिल कुमार गुप्ता तथा सोही प्रदेशसभा क्षेत्रमा काँग्रेसका महेन्द्र चौधरीले स्वतन्त्र उम्मेदवारी दिएका छन् । यस्तै सोही प्रतिनिधिसभा क्षेत्रको प्रदेशसभा ख मा गठबन्धनको सहमति विपरित लोसपाका गजेन्द्र मण्डलले उम्मेदवारी दर्ता गराएका छन् । उक्त प्रदेशसभा क्षेत्रमा गठबन्धनका तर्फबाट काँग्रेसका भगवती चौधरी उम्मेदवार बनेका छन् ।

यस्तै प्रतिनिधिसभा क्षेत्र नं. ४ को प्रदेशसभा ख मा एमाले-जसपा गठबन्धनका आधिकारीक उम्मेदवार जसपाका अभिषेक यादवविरुद्ध जसपाकै अनिरुद्ध प्रसाद सिंह यादव तथा एमालेकी ललिता कुमारी लताले बागी उम्मेदवारी दिएका छन् ।

यस्तै सोही क्षेत्रमा काँग्रेस सहितको पाँच दलिय गठबन्धनबाट काँग्रेसका उम्मेदवार रहेका इन्द्रदेव यादव बिरुद्ध काँग्रेसकै रामलखन साह र काँग्रेसका पूर्वक्षेत्रिय सभापति खगेन्द्र यादवले पनि स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् ।

## पार्टी र गठबन्धन विपरित मनोनयन दर्ता गराएकालाई फिर्ता लिन काँग्रेसको आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, २४ असोज ।**

आउँदो मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि पार्टी विपरित मनोनयन पत्र दर्ता गराएका सम्पूर्ण उम्मेदवारलाई नेपाली काँग्रेस सप्तरीले मनोनयन फिर्ता लिन आग्रह गरेको छ ।

पार्टीका जिल्ला सचिव सनत मण्डलद्वारा जारि विज्ञप्तिमा मनोननय फिर्ता लिई पार्टीका आधिकारी उम्मेदवारलाई जिताउन आग्रह गर्दै सो नगरिए पार्टी विधान अनुसार कारवाही गर्ने चेतावनी समेत दिइएको छ ।

सोही विज्ञप्तिमा काँग्रेस पाँच दलिय गठबन्धन भित्र रहेकोले यसमा आवद्ध अन्य दलहरुबाट पनि गठबन्धन बिपरीत उम्मेदवारी दिएकोमा उनीहरुलाई पनि मनोनयन फिर्ता लिई गठबन्धनका उम्मेदवारलाई जिताउन आग्रह गरिएको छ ।

यता गठबन्धनको सहमति अनुसार भागमा परेको सिटमा सहमती विपरित गठबन्धन दल भित्रकै पार्टीले अर्को उम्मेदवार खडा गर्नु उपयुक्त नहुने काँग्रेसका केन्द्रीय सदस्य दिनेश यादवको भनाई छ ।

उनले भने, "केन्द्रमा सहमती भएपनि जिल्लामा विथोल्नु उचित होइन, उनले भने-यसबारे गठबन्धन दलका शिर्ष नेताका साथै स्थानीयस्तरमा पनि पहल शुरु भएको छ ।" नामावली सच्याउने र उम्मेदवारी फिर्ता लिने समय दुई दिन बाकी भएकाले समस्या समाधान हुने विश्वास गरिएको छ, उनले भने ।

## ७६ जिल्लामा फैलियो डेङ्गु, ४४ को मृत्यु

काठमाडौं, २४ असोज (रासस) ।

हालसम्म डेङ्गुका कारण ४४ जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार गत साउनदेखि हालसम्म ३३ हजार नौ सय ७५ जनामा सो रोग संक्रमण पुष्टि भएको छ ।

हालसम्म सातै प्रदेशका ७६ जिल्लामा डेङ्गु फैलिएको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा २७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । एक हजार पाँच सय ४६ नमूना परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको हो ।

सोमबार २६ कोरोना संक्रमण मुक्त भएका छन् । सक्रिय संक्रमितको संख्या ५ सय ६९ छ ।

हालसम्म नेपालमा नौ लाख ९९ हजार नौ सय ११ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । नौ लाख ७८ हजार ३ सय २४ जना संक्रमणमुक्त भएका छन् । हालसम्म १२ हजार १८ जनाको कोरोनाका कारण मृत्यु भएको छ ।

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

# सम्पादकीय

## वागीका कारण उम्मेदवारहरुको टाउँको दुखाई

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मनोनयन पत्र दर्ता भएसँगै मुलुकभर निर्वाचनको महोल तातिएको छ । यता सप्तरीमा भने निर्वाचनको माहोल तातिए पनि गठबन्धनबाट बनेका कतिपय उम्मेदवारहरु गठबन्धन र आफ्नै पार्टीका साथीहरुबाट परेको स्वतन्त्र उम्मेदवारीबाट त्रसित बनेका छन् । जिल्लामा १ सय ८१ जनाको उम्मेदवारी परेको छ भने त्यसमध्ये ६८ वटा स्वतन्त्र उम्मेदवारी परेको छ । जसमा कतिपय उम्मेदवारी गठबन्धन र आफ्नै पार्टीका साथीहरुबाट परेको छ । यसरी एउटै गठबन्धन र पार्टीका साथीहरुबाट परेको स्वतन्त्र उम्मेदवारीका कारण आधिकारिक उम्मेदवारहरु त्रसित बनेका छन् ।

जिल्लामा ४ प्रतिनिधिसभा सदस्य र ८ वटा प्रदेशसभा सदस्य सिट रहेको छ । यसका लागि १ सय ८१ जनाले उम्मेदवारी दिएका छन् । यस्तो अवस्थामा पार्टीबाट असन्तुष्ट बनेकाहरुले स्वतन्त्र रुपमा उम्मेदवारी दिएपछि पार्टी र गठबन्धन दुबैको टाउको दुखाई बनेको छ । निर्वाचन लोकतन्त्रको गहना हो । यसमा जोकोही पनि उम्मेदवारी दिनसक्छन् । र जनताले चाहेको उम्मेदवारलाई जिताउन सक्छ ।

तसर्थ निर्वाचनलाई मर्यादित, स्वच्छ, धाँधलीरहित र मैत्रीपूर्ण वातावरणमा सम्पन्न गराउन सबैको सहयोग आवश्यक रहेकोले यसका लागि सबै तत्पर रहनु आवश्यक छ ।

# संविधानअनुसार समयमै निर्वाचन हुँदा लोकतन्त्र संस्थागत

**पूर्णप्रसाद मिश्र**

काठमाडौँ, २४ असोज (रासस) ।

संविधानसभाबाट जारी भएको विसं २०७२ को संविधानअनुसार दोस्रो संसदीय निर्वाचन समयमै हुने वातावरणले नेपालमा लोकतन्त्रको संस्थागत विकासमा सहयोग पुगेको छ ।

यसअघिका संविधानअनुसार समयमै आवधिक निर्वाचन नहुँदा लोकतान्त्रिक व्यवस्था धरापमा परेकामा यसपटक भने समयमै निर्वाचनको वातावरण बनेकामा पेशागत संस्थाले खुसी व्यक्त गरेका छन् । अवधि नसकिइ दुईपटक विघटन गरिएको प्रतिनिधिसभा सर्वोच्च अदालतले गरेको संविधानको व्याख्याका कारण समयमा दोस्रो निर्वाचन हुने वातावरण बनेको हो ।

नेपाल प्राध्यापक सङ्घका अध्यक्ष प्रा डा रमेश जोशी निर्वाचन जुन दलले जिते पनि संसदीय निर्वाचनको वातावरण बन्दा लोकतान्त्रिक शासन व्यवस्था संस्थागत हुने अवसर प्राप्त भएको बताउनुहुन्छ ।

निर्वाचन हुने वातावरणले संविधानकै विषयमा प्रश्न उठाउनेको मुख बन्द गरेको छ । लोकतन्त्र अभ्यासले नै संस्थागत हुने भएकाले यसले सहयोग गर्ने उहाँको भनाइ छ । विगतका संसदीय निर्वाचनमा धेरै क्षेत्रमा राजनीतिक दलबीच नै प्रतिस्पर्धा हुने गरेको थियो । स्वतन्त्र उम्मेदवार थोरै हुन्थे । केही क्षेत्रमा नगण्यमात्र स्वतन्त्र उम्मेदवारी परेको हुन्थ्यो । यो वर्ष भने राजधानी र सहरी क्षेत्रका प्रायः निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेदवारी परेको छ ।

“ठूला राजनीतिक दलभित्रको अन्तर सङ्घर्षले धेरै स्वतन्त्र उम्मेदवारी दर्ता भएको देखिन्छ, दलप्रतिको असन्तुष्टि स्वतन्त्र उम्मेदवारीका माध्यमबाट प्रकट भएको छ, पार्टीभित्र न्याय भएन, दलभित्र विचार राखेकै कारण टिकटबाट बञ्चित गरियो भन्दै स्वतन्त्र उम्मेदवारी परेको छ, स्थानीय तहको निर्वाचनमा केही स्थानीय तहमा स्वतन्त्र उम्मेदवार विजयी भएकाले पनि यो संसदीय निर्वाचनमा धेरै स्वतन्त्र उम्मेदवारी परेको छ”, अध्यक्ष जोशीले भन्नुभयो ।

स्वतन्त्र उम्मेदवारीलाई पनि सकारात्मकरुपमा लिनुपर्ने पेशागत संस्थाका प्रमुखको धारणा छ । राजनीतिक दल सुध्रिए भने यति धेरै स्वतन्त्र उम्मेदवारी नपर्ने विश्लेषण पनि उहाँहरुको छ । स्थानीय तहको निर्वाचन परिणामपछि दलका शीर्ष नेताले परिस्थितिलाई विश्लेषण गरेको भए अहिले स्वतन्त्र उम्मेदवारीको बाढी आउने अवस्था देखिने थिएन ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेल दलभित्र फरक विचार समूह, फरक विचार राख्ने नेताप्रति असहिष्णु व्यवहार सबै ठूला दलमा देखिँदा स्वतन्त्र उम्मेदवारी बढेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, “नेकपा (एमाले) भित्र भीम रावल र घनश्याम भुसाललगायत नेता, नेपाली कांग्रेसभित्र डा मीनेन्द्र रिजाल, डा स्वर्णिम वाग्लेलगायतमाथि पार्टी नेतृत्वले असहिष्णु व्यवहार गरेको विश्लेषण आम मानिसले गरिरहेको देखिन्छ, यस्तो प्रवृत्तिले स्वतन्त्र उम्मेदवारी दिन प्रोत्साहन गरेको छ ।”

ठूला राजनीतिक दलले जित्नसक्ने आधार भएकै कारण केही विवादास्पद छवि भएका नेतालाई पनि उम्मेदवारी दिएका छन् । विवादास्पद प्रवृत्तिलाई राजनीतिमा ल्याउन नहुनेमा सबैको एक मत हुनुपर्नेमा त्यस्तो वातावरण बन्न नसकेको अध्यक्ष पोखरेल बताउनुहुन्छ । केही युवालाई दलले उम्मेदवार बनाएकाले नेतृत्व हस्तान्तरणमा भने दलका शीर्ष नेतृत्व सकारात्मक देखिएको उहाँको विश्लेषण छ ।

समयको मागअनुसार दलले युवाको मागलाई कुनै न कुनैरुपमा ध्यान भने दिएको देखिन्छ । उम्मेदवारीको प्रकृति हेर्दा समावेशी सन्तुलनमा पनि त्यति धेरै समस्या देखिएको छैन । यद्यपि दलले प्रत्यक्ष चुनाव लडाउन थोरै मात्र महिलालाई मैदानमा उतारेकामा सामाजिक सञ्जाल एवं सञ्चारमाध्यममा आलोचना भइरहेको छ । उम्मेदवारीको प्रकृति धेरै उत्साह र निराशा नदिने खालको भएकाले सन्तुलित देखिएको अध्यक्ष पोखरेले बताउनुहुन्छ ।

**उम्मेदवारीमा प्राविधिकलाई बेवास्ता**

उम्मेदवारी दिँदा अन्य विधाको समावेशीमा ध्यान दिए पनि विधागतरुपमा अझै ठूला दल प्रवेश गर्न नचाहेको अनुभव नेपाल इञ्जिनीयर्स एशोसियसनले गरेको छ । एशोसियसनका अध्यक्ष हरिबहादुर दर्लामी चीनमा प्राविधिक मन्त्रालय इञ्जिनियरलाई दिने गरिए पनि नेपालमा अझै यस्तो अभ्यास नहुँदा काममा समस्या आउने गरेको बताउनुहुन्छ ।

प्राविधिक क्षेत्रबाट सांसद पदमा उम्मेदवारी नपर्दा आगामी दिनमा पनि नेपालमा भौतिक पूर्वाधार तथा यातायात, खानेपानी र सहरी विकास मन्त्रालयको नेतृत्वमा प्राविधिक पुग्ने सम्भावना नदेखिएको उहाँको भनाइ छ । सामाजिक एवं राजनीतिक क्षेत्रबाट आएका युवाले यसपटक बढी उम्मेदवारी पाए पनि प्रविधि क्षेत्रलाई भने ठूला दलले महत्व नदिएकामा एशोसियशनको असन्तुष्टि छ ।

“टेक्नो पोलिटिक्सतिर भारत, चीन गएका छन्, यो विषयलाई नेपालमा अझै बुझाउन सकिएको छैन, यसकै कारण चीन र भारतमा प्राविधिक सामग्रीको उत्पादन बढ्ने गरेको छ, हाम्रो देश पनि त्यता जाने हो भने प्राविधिक मन्त्रालयको नेतृत्व इञ्जिनियरले गर्ने अवसर पाउनुपर्छ”, उहाँले भन्नुभयो । यसपटक प्रदेशमा टिकट पाउनेमा युवा धेरै भए पनि अझै केन्द्रीय संसद्मा त्यस्तो देख्न सकिएको छैन । यसपटकको निर्वाचनपछि प्रदेश संरचना अलि फरक तरिकाले अघि बढ्छ कि भन्ने आशा पेशागत संस्थाले गरेका छन् ।

# चितवनका दुई सय तीस जनामा स्क्रब टाइफस

चितवन, २४ असोज (रासस) ।

जिल्लाको विभिन्न अस्पतालमा उपचार गर्न आएका बिरामीमध्ये दुई सय ३० जनामा स्क्रबटाईफस रोगको सङ्क्रमण देखिएको छ । एक हजार आठ सय ७३ जनाको परीक्षणका क्रममा उनीहरुमा सङ्क्रमण देखिएको हो ।

स्वास्थ्य कार्यालय चितवनका सूचना अधिकारी राम केसीका अनुसार सङ्क्रमितमध्ये एक सय आठजना चितवनका रहेका छन् । यस जिल्लामा भरतपुर महानगरपालिकामा सबैभन्दा बढी ५५ जना सङ्क्रमित भेटिएको केसीले जानकारी दिनुभयो । अन्य जिल्ला बाहिरका रहेका छन् ।

गत आर्थिक वर्षमा तीन हजार दुई सय ८६ जनाको परीक्षणका क्रममा दुई सय ८६ जनामा स्क्रब टाइफसको सङ्क्रमण देखिएको कार्यालयले जनाएको छ । स्क्रफ टाइफस रोग मुसाको कानमा वा अन्य जीवजन्तुमा हुने सङ्क्रमित किर्नाले मानिसलाई टोकेपछि सर्ने गर्दछ । स्क्रफ टाइफसमा मानिसलाई उच्च ज्वरो आउनु, आँखा रातो हुनु, खोकी, वान्ता, पेट दुखाई र पखालाले सताउनु, स्वास फेर्न समस्या हुनु धेरै टाउको दुख्नु जोर्नी र मांसपेशी दुख्नु, बिबिरा देखिनु, टोकेको ठाउँमा कहिलेकाहीँ कालो दागजस्ता लक्ष्यण देखिने गर्दछ ।

यस रोगबाट बच्न खेत, झाडी वा वनजङ्गलमा जाँदा लामो बाहुला भएको कपडा र उपयुक्त जुत्ता लगाउने र शरीरको खुला भागमा कीटनाशक मलमको प्रयोग गर्ने, घर वरिपरिका खेताबारीमा घाँस धेरै बढ्न नदिने र वातावरण सफा राख्ने, मुसा नियन्त्रणका लागि उपयुक्त किसिमको अन्न भण्डारण गर्नुपर्ने केसीले बताउनुभयो ।

यस्तै जिल्लाको विभिन्न अस्पतालमा उपचारका क्रममा आएका बिरामीमध्ये एक हजर एक सय ५५ जनामा डेँङ्गु रोगको सङ्क्रमण देखिएको छ । जसमध्ये सात सय ९९ जना चितवनका रहेका छन् । एक सय ७७ जनाको ठेगाना पहिचान नभएको र दुई सय ९९ जना जिल्ला बाहिरका रहेका छन् । डेँगुका कारण चितवनमा दुई जनाको मृत्यु भएको छ । साउनयता पाँच हजार छ सय ५५ जनाको परीक्षणका क्रममा उनीहरुमा डेँङ्गु देखिएको हो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# निर्वाचनबाट कोको नेता बाहिरिए

काठमाडौं, २४ असोज (रासस) ।
नेपालको २०६२/६३ सालको आन्दोलन र गणतन्त्रको स्थापनामा विभिन्न भूमिकामा सक्रिय देखिनुभएका केही राजनीतिक दलका शीर्ष नेता यसपाली भने कुनै पनि उम्मेदवारीमा देखिनुभएन ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा उहाँहरुमध्ये कतिपयले आफ्नो दलबाट टिकट पाउनुभएन भने केही स्वेच्छाले सक्रिय राजनीतिबाट बाहिरिनुभएको हो । निर्वाचनका लागि आइतबार प्रतिनिधिसभाका एक सय ६५ र प्रदेशसभामा तीन सय ३० निर्वाचन क्षेत्रका लागि सयौँले उम्मेदवारी दिनुभएको छ । त्यसमा कतिपय चर्चित अनुहार देखिनुभएन ।

नेपाली कांग्रेसबाट यस निर्वाचनमा शीर्ष नेता केबी गुरुङ, डा रामशरण महत, डा मीनेन्द्र रिजाल, सुनीलकुमार भण्डारी, मन्त्री उमा रेग्मी, मीना पाण्डे, सीतादेवी यादव, महेश आचार्य, लक्ष्मण घिमिरे, विनयध्वज चन्द, डा अमरेशकुमार सिंह, मानबहादुर विश्वकर्मा, शेषनाथ अधिकारी, हरि नेपाल, अर्जुन खड्का, हरिनाथ बास्तोलालगायत उम्मेदवारका रुपमा देखिनुभएन ।

यसैगरी नेकपा (एमाले) नेता डा भीम रावल, उपाध्यक्ष रामबहादुर थापा बादल, अष्टलक्ष्मी शाक्य र युवराज ज्ञवाली, उपमहासचिव विष्णु रिमाल, सल्लाहकार परिषद्का अध्यक्ष अमृत बोहरा, स्थायी कमिटी सदस्य राधा ज्ञवाली, विन्दा पाण्डे, घनश्याम भुसाल(पार्टीबाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवार), थममाया थापा, शिवमाया तुम्बाहाम्फे, सीताकुमारी पौडेललगायत पनि कुनै पनि उम्मेदवारका रुपमा देखिनुभएन ।

निर्वाचनमा नेकपा (माओवादी केन्द्र) बाट सभामुख अग्निप्रसाद सापकोटा, उपाध्यक्ष कृष्णबहादुर महरा, नेताहरु हरिबोल गजुरेल, मुख्यमन्त्री त्रिलोचन भट्ट र कुलप्रसाद केसीलगायतको पनि उम्मेदवारी देखिएन । नेपाल समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई पनि यस निर्वाचनमा उम्मेदवार बन्नुभएन ।

निर्वाचन आयोगका अनुसार आइतबार भएको मनोनयनपत्रमा दर्ता प्रक्रियामा प्रतिनिधिसभातर्फ पुरुष दुई हजार दुई सय ६९ र महिला दुई सय ३३ गरी कूल दुई हजार पाँच सय दुई जना उम्मेदवार रहेका छन् । यस्तै प्रदेशसभातर्फ पुरुष तीन हजार एक सय ३९, महिला दुई सय ९६ र एक अन्य गरी कूल तीन हजार चार सय ३६ उम्मेदवार रहेका छन् ।

यस निर्वाचनका लागि मतदाता नामावलीमा एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाता सङ्ख्या छ । यसमा पुरुष मतदाताको सङ्ख्या ९१ लाख ४० हजार आठ सय छ, महिला मतदाताको सङ्ख्या ८८ लाख ४७ हजार पाँच सय ७९ र अन्य एक सय ८५ छ । निर्वाचनका लागि देशभर १० हजार आठ सय ९२ मतदानस्थल र सोअन्तर्गत २२ हजार दुई सय २७ मतदान केन्द्र कायम गरिएको छ ।

निर्वाचनका लागि आयोगले यही असोज २० गतेसम्ममा पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत ७७ र निर्वाचन अधिकृतको कार्यालय ८८ स्थानमा गरी एक सय ६५ निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिसकेको छ ।

# राष्ट्रपति भण्डारीलाई कोरोना संक्रमण, स्वास्थ्यमा सुधार

काठमाडौं, २४ असोज (रासस) ।
राष्ट्रपति विद्यादेवी भण्डारीलाई कोरोना भाइरसको सङ्क्रमण देखिएको छ । त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालमा उपचाररत रहनुभएका उहाँमा पिसिआर परीक्षण गर्दा कोरोना भाइरस सङ्क्रमण देखिएको अस्पतालका सूचना अधिकारी रामविक्रम अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार राष्ट्रपति भण्डारीको स्वास्थ्य अवस्था सामान्य रहेको छ । “हाल उहाँको स्वास्थ्य अवस्थामा अपेक्षाकृत सुधार देखिएको छ”, उहाँले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ, “यही अवस्था कायम रहेमा सम्भवतः भोलिसम्म अस्पतालबाट डिस्चार्ज गर्न सकिने जानकारी गराइन्छ ।”

यही असोज २२ गते राष्ट्रपति भण्डारीलाई रुघाखोकी र ज्वरो देखिएपछि अस्पताल भर्ना गरिएको हो । उहाँलाई एनेक्स वार्ड नं ६०१ मा भर्ना गरिएको छ । राष्ट्रपति भण्डारीको उपचारमा डा निरज बम नेतृत्वको चिकित्सक टोली खटिएको छ ।

## उम्मेदवारीमाथि उजुरी परेन


मकवानपुर, २४ असोज (रासस) ।
प्रतिनिधिसभा र प्रदेशसभा सदस्य पदको आगामी मङ्सिर ४ गते हुने निर्वाचनका लागि आइतबार मनोनयन दर्ता गराएका मकवानपुरका कुनैपनि उम्मेदवारमाथि उजुरी नपरेको निर्वाचन अधिकृतको कार्यालय जनाएको छ ।

निर्वाचन कार्यक्रम अन्तर्गत आइतबार मनोनयन दर्ता गराएका कुनैपनि उम्मेदवारमाथि उजुरी नपरेको प्रतिनिधिसभा क्षेत्र नम्बर १ का मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले जानकारी दिनुभयो । निर्वाचन आयोगले उम्मेदवारीमाथि सोमबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म उजुरी दिने समय तोकेको थियो ।

मकवानपुरका दुई प्रतिनिधिसभा क्षेत्र र चार प्रदेशसभा क्षेत्र गरी छ वटा क्षेत्रमा ६९ जनाले उम्मेदवारी दर्ता गराएका छन् । जिल्लामा प्रतिनिधिसभा सदस्य पदमा मकवानपुर क्षेत्र नम्बर १ बाट दुई स्वतन्त्रसहित १६ र क्षेत्र नम्बर २ बाट एक स्वतन्त्रसहित १० गरी २६ जनाले उम्मेदवारी दर्ता गराएका हुन् । प्रदेशसभा सदस्य पदमा मकवापुर क्षेत्र नम्बर १ (क) मा आठ, १ (ख) मा १० र क्षेत्र नम्बर २ (क) मा १० र २ (ख) मा १५ गरी ४३ जनाले उम्मेदवारी दर्ता गराएका हुन् ।


**राजविराज नगरपालिका**
**४ नं. वडाको कार्यालय**
**राजविराज, सप्तरी**

**सूचना** मिति : २०७९/०६/१४


उपरोक्त सम्बन्धमा साबिक रा० वि० न० पा० वडा नं. ३ हाल वडा नं. ४ बस्ने मेरो पति स्व. जुबेर अंसारी [illegible] मिति २०६९/६/८ गते मृत्यु भएकोले मृतक पतिको [illegible] पछि हकअपुतालि [illegible] निवेदिका पत्नी साफिना [illegible] अंसारी एक मात्र पत्नी भएकीले मृतक पति स्व. जुबेर अंसारीको नाउँमा दर्ता रहेको हाल रा० वि० न० पा० वडा नं. ४ को भलुवाही रोडको प्लोट नं. २४/२३, २४/४२, २४/४ को क्षेत्रफल ०-०-८ जग्गा म निवेदिका पत्नीको नाउँमा नामसारी गर्न न० पा० कार्यालयको नाउँमा सर्जमिन मुचुल्का सहितको सिफारिस गरी पाउँ भनि रा० वि० न० पा० वडा नं. ३ हाल वडा नं. ४ बस्ने साफिना अंसारीले निवेदन दिनु भएकोले सो सम्बन्धमा दावी विरोध तथा अन्य हकदार भए नभए भनि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्नु पर्ने भएकोले सो पत्रिकामा सूचना प्रकाशित गरी दिन हुन सिफारिस साथ अनुरोध छ ।

ओम प्रकाश साह
वडा सचिव
राजविराज नगरपालिका
वडा नं. ४

**हार्दिक मंगलमय शुभकामना**



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**


# विश्व समाचार

## भारतका प्रभावशाली नेता मुलायम सिंह यादवको निधन

लखनउ, २४ असोज (रासस/एएनआई) ।
भारतका प्रभावशाली नेता मुलायम सिंह यादवको सोमबार ८२ बर्षको उमेरमा निधन भएको छ । गुरुग्राम अस्पतालमा उपचारका क्रममा उहाँको निधन भएको अधिकारीहरुले जानकारी दिएका छन् । उहाँलाई गत आइतबार एक्कासी स्वास्थ्यमा थप समस्या उत्पन्न भएपछि अस्पताल भर्ना गरिएको थियो । अस्पतालको अति सघन कक्षमा राखेर उहाँलाई उपचार गरिएको थियो ।

उहाँकी श्रीमती साधना गुप्ताको गत जुलाईमा निधन भएको थियो । पहिलो श्रीमती मालतीदेवीको भने सन् २००३ मा निधन भएको थियो । यादवका छोरा तथा समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष अखिलेश यादव मालतीदेवीबाट जन्मिनु भएको हो । समाजवादी पार्टीको स्थापना स्वर्गिय यादवले नै सन् १९९२ अक्टोबर ४ मा गर्नुभएको थियो । झण्डै पाँच दशक लामो राजनीतिक यात्राका क्रममा धेरै उतारचढाव भोग्नु भएका यादवलाई भारतमा प्रधानमन्त्री हुनै लागेका नेताका रुपमा चिनिन्छ । उहाँ सन् १९९६ र २०१४ मा प्रधानमन्त्री हुनै लाग्दा अन्तिममा रोकिनु परेको थियो । उहाँलाई भारतमा ‘नेताजी’ समेत भन्ने गरिन्थ्यो ।

उहाँले राजनीति धेरै पटक चुनौतीपूर्ण निर्णयहरु लिनु भएको थियो भने बेला बेलामा विवादमा पनि पर्ने गर्नुहुन्थ्यो ।भारतको सबैभन्दा धेरै जनसङ्ख्या भएको उत्तर प्रदेशमा उहाँ तीन पटक मुख्यमन्त्री बन्नु भयो भने एक पटक केन्द्रीय मन्त्री समेत हुनुभएको थियो ।

आम निर्वानचनबाट उहाँ १० पटक निर्वाचित हुनुभएको थियो । ती मध्ये सात पटक लोक सभा सदस्य बन्नु भएको थियो । उहाँ पहिलो पटक सन् १९६७ मा २८ बर्षको उमेरमा विधान सभा सदस्यमा निर्वाचित हुनुभएको थियो । उहाँको जन्म सन् १९३९ को नोभेम्बर २२ मा एतावाह जिल्लाको सैफै गाउँमा भएको थियो ।

## नाइजेरियामा डुङ्गा दुर्घटनामा परी छहत्तर जनाको मृत्यु

अबुजा, २४ असोज (रासस/सिन्ह्वा) ।
नाइजेरियामा भएको डुङ्गा दुर्घटनामा परेर कम्तीमा पनि ७६ जनाको ज्यान गएको यहाँका सञ्चारमाध्यमहरुले जनाएका छन् ।

दक्षिणी सहर अनाम्बरामा सो डुङ्गा दुर्घटना भएको हो । सो दुर्घटनाको नाइजेरियाका राष्ट्रपति मोहम्मदु बुहारीले आइतबार पुष्टि गर्नुभएको छ ।

त्यहाँ भएको सो दुर्घटनामा परेर कम्तीमा पनि ७६ जनाको ज्यान गएको र यहाँका सबै सुरक्षा निकाय तथा उद्धारकर्मीहरुलाई उद्धारका लागि लगाइएको राष्ट्रपतिको कार्यालयले आइतबार प्रकाशन गरेको विज्ञप्तिमा जानकारी दिइएको हो ।

शुक्रबार राति सो दुर्घटना भएको थियो । त्यस दुर्घटनाप्रति राष्ट्रपति बुहारीले सो विज्ञप्तिमा दुःख पनि व्यक्त गर्नुभएको छ । गत शुक्रबार ८५ जना यात्रु लिएर गएको डुङ्गा देशको दक्षिणी प्रान्त अनाम्बराको ओग्बरुमा पुगेर दुर्घटनामा परेको थियो । त्यसमा रहेका अरु यात्रुको उद्धार ल स्यारिएको थियो ।

त्यस समयमा आएको बाढीका कारण डुङ्गा डुबेको प्रारम्भिक अनुसन्धानबाट पत्ता लागेको प्रहरीले जनाएको छ ।डुङ्गा दुर्घटनामा परेपछि त्यसमा रहेका यात्रुको उद्धारका लागि राष्ट्रपति बुहारीले आवश्यक सहयोग गर्न देशका सबै सुरक्षा निकायलाई निर्देशन दिनुभएको थियो ।

नाइजेरियामा समय समयमा डुंगा दुर्घटना हुने गर्दछ । यहाँ विशेषगरी क्षमताभन्दा बढी यात्रु राख्ने गर्नाले डुंगा दुर्घटनामा पर्ने गरेका छन् ।

## पहिरोमा परी बाइसको मृत्यु, बाउन्न जना बेपत्ता

काराकास, २४ असोज (रासस/सिन्ह्वा) ।
भेनेजुएलामा बाढी र पहिरोमा परेर कम्तीमा पनि २२ जनाको ज्यान गएको छ ।सो पहिरोमा परेर अरु ५२ जना बेपत्ता भएका यहाँका उद्धारकर्मीहरुले जनाएका छन् । भेनेजुएलाको उत्तरी आर्गु प्रान्तमा केही दिनदेखिको अविरल वर्षापछि आइतबार बाढी आएको र पहिरो खसेको थियो ।

भेनेजुएलाका राष्ट्रपति निकोलास मोदुरोले आइतबार सो दुर्घटनाको घोषणा गर्नुभएको थियो । उहाँले आइतबारदेखि तीन दिनसम्म देशव्यापी रुपमा शोकको पनि घोषणा गर्नुभएको छ ।

यहाँको उत्तरी आर्गु प्रान्तमा अविरल वर्षापछि नदीहरु बढेका र यसपछि आएको बाढीबाट पहिरो गएको पनि राष्ट्रपति मोदुरोको कार्यालयले प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ ।

सो विज्ञप्तिका अनुसार राष्ट्रपति मोदुरोले विपद्मा परेकालाई उद्धारका लागि खट्न पनि आग्रह गरिएको छ । यहाँको गृह मन्त्रालयले दिएको जानकारी अनुसार सो पहिरोबाट हराएकाको खोजीका लगि करिब एक हजार जना सुरक्षाकर्मी परिचालन गरिएको छ ।

पहिरोको नजिकका बस्तीहरुलाई पनि सार्न थालिएको छ । त्यसका लागि पनि उद्धारकर्मी तथा सुरक्षा निकायका अधिकारीहरुले खटिरहेका बताइएको छ ।

# सप्तरीमा ६८ स्वतन्त्रसहित १ सय ८१ जना चुनावी मैदानमा

## मुख्य दलबाट महिला उम्मेदवार शुन्य, साना दल र स्वतन्त्र गरी २० महिलाको उम्मेदवारी



**दैनिक समाचारदाता राजविराज, २४ असोज ।**
आगामी मंसिर ४ गते हुने प्रतिनिधीसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि सप्तरीमा १ सय ८१ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

जिल्लामा चार प्रतिनिधिसभा र ८ प्रदेशसभा सदस्यका लागि हुने निर्वाचनमा प्रतिनिधीसभा सदस्य तर्फ ७० र प्रदेशसभा सदस्य तर्फ १ सय ११ गरी कुल १ सय ८१ जनाको उम्मेदवारी परेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेश कुमार जोशीका अनुसार प्रतिनिधीसभा तर्फ क्षेत्र नं.१ मा २०, क्षेत्र नं. २ मा १६, क्षेत्र नं. ३ मा १८ र क्षेत्र नं. ४ मा १६ गरी ७० जनाले उम्मेदवारी दिएका छन् । जसमा ६५ जना पुरुष र ५ जना महिला छन् । त्यस्तै प्रदेशसभातर्फ ९६ पुरुष र १५ जना महिला गरी १ सय ११ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

उनले प्रतिनिधीसभातर्फ १ महिला र २६ पुरुष तथा प्रदेशसभातर्फ ३५ पुरुष र ६ महिला गरी ६८ जनाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएको जानकारी दिए ।

यसरी मुख्य दलहरुबाट महिला उम्मेदवारको संख्या शुन्य भएपनि स-साना दलबाट प्रतिनिधी र प्रदेशसभामा गरी १३ जना महिलालाई उम्मेदवार बनाइएको छ । जसअनुसार प्रतिनिधीसभातर्फ नागरिक उन्मुक्ती पार्टी, नेपाल जनता दल, नेपाल संघिय समाजवादी पार्टी र पिछडा वर्ग निषाद दलित जनजाती पार्टीले १/१ जना महिलालाई उम्मेदवार बनाएको छ ।

यस्तै प्रदेशसभा तर्फ नेमकिपाले ४, नेपाल कम्युनिष्ट पार्टीले २ तथा नेपाली काँग्रेस (विपी), राप्रपा र राप्रपा नेपालले १/१ जना महिलालाई उम्मेदवार बनाएको छ ।

निर्वाचनका लागि जिल्लामा ४ लाख १८ हजार ३ सय ७४ मतदाता छन भने ५ सय ३६ मतदान केन्द्र तोकिएको छ ।

# समानुपातिकको बन्दसूचीमा २९ गतेसम्म दाबी विरोध गर्न सकिने

काठमाडौँ, २४ असोज (रासस) ।
आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको प्रकाशित बन्दसूचीमा समावेश उम्मेदवारका बारेमा यही असोज २९ गतेसम्म दाबी विरोधका लागि समय दिइएको छ ।

विभिन्न राजनीतिक दलले संशोधन गरी पेस गरेको सूचीमा समावेश उम्मेदवारको योग्यता र अयोग्यताका सम्बन्धमा दाबी विरोधको निवेदन दिन आइतबारदेखि समय दिइएको हो । उम्मेदवारबारे प्राप्त दाबी विरोधको छानबिन गरी निर्वाचन आयोगले कात्तिक ९ गते अन्तिम नामावली सार्वजनिक गर्ने आयोगका सचिव एवं समानुपातिकतर्फका मुख्य निर्वाचन अधिकृत गोकर्णमणि दुवाडीले जानकारी दिनुभयो ।

समानुपातिकतर्फ सिट प्राप्त गर्न कुनै पनि दलले प्रतिनिधिसभामा कूल सदर मतको तीन प्रतिशत र प्रदेशसभामा एक दशमलव पाँच प्रतिशत मत अनिवार्य ल्याउनुपर्ने छ । उल्लिखित मत नल्याएमा उक्त दलले समानुपातिकतर्फको सिट प्राप्त गर्न सक्दैन । "संसदमा प्रतिनिधित्व गर्ने महिला जनप्रतिनिधिको सङ्ख्या ३३ प्रतिशत अनिवार्य पुर्‍याउनै पर्ने संवैधानिक व्यवस्था छ", मुख्य निर्वाचन अधिकृत दुवाडीले भन्नुभयो, "तसर्थ पहिलो हुने निर्वाचित हुने प्रणालीबाट दलहरूको ३३ प्रतिशत महिला विजयी हुनुभएको छैन भने त्योसमेत समानुपातिक प्रणालीतर्फबाट पूर्ति गर्नुपर्ने हुन्छ ।"

उहाँका अनुसार दलहरूले प्राप्त गर्ने मतको आधारमा समानुपातिकतर्फका उम्मेदवारहरूको समूहअनुसार सबैभन्दा अघिल्लो पङ्क्तिमा रहनुभएको उम्मेदवार क्रमशः निर्वाचित भएको मानिने छ । उदाहरणार्थ खस आर्य समूहबाट एक जना मात्र निर्वाचित हुने अवस्था आएमा पहिलो बन्दसूचीको पहिलो नम्बरमा रहेका उम्मेदवार स्वतः निर्वाचित मानिने छ । त्यसपछि आदिवासी जनजातिको सूचीमा प्रवेश हुनेछ । त्यसमा पनि पहिलो नम्बरमा रहेका उम्मेदवार निर्वाचित भएको मानिने छ ।

आयोगमा समानुपातिक प्रणालीतर्फका प्रवक्ता गुरुप्रसाद वाग्लेका अनुसार प्रदेशसभामा भने सम्बन्धित प्रदेशमा प्रत्यक्षतर्फ निर्वाचित हुने प्रदेशसभा सदस्यलाई ६० प्रतिशत मानेर ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट पूर्ति गर्ने संवैधानिक व्यवस्था छ । जसअन्तर्गत प्रदेश नं १ मा ३७ जना, मधेस प्रदेशमा ४३, बागमती प्रदेशमा ४४, गण्डकी प्रदेशमा २४, लुम्बिनी प्रदेशमा ३५, कर्णाली प्रदेशमा १६ र सुदुरपश्चिम प्रदेशमा २१ प्रदेशसभा सदस्य समानुपातिक प्रणालीबाट निर्वाचित हुनेछन् ।

# निलम्बित कप्तान लामिछानेलाई सात दिन हिरासतमा राख्न अनुमति

काठमाडौँ, २४ असोज (रासस) ।
जिल्ला अदालत काठमाडौँले राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछानेलाई सात दिन म्याद थप गरेको छ । अदालतले यही असोज २० गतेदेखि लागू हुने गरी २७ गतेसम्मका लागि म्याद थप गरेको हो ।

प्रहरीले सोमबार लामिछानेलाई म्याद थपका लागि अदालतमा पेस गरेको थियो । म्याद थपका क्रममा न्यायाधीश दयाराम ढकालसमक्ष आफू निर्दोष भएको र आफूले जबरर्जस्ती करणी नगरेको जिकिर गर्नुभएको अधिवक्ता शक्ति पाठकले जानकारी दिनुभयो ।

अदालतमा लामिछानेले जाहेरवाली १९ वर्षको भएको र नाबालिका नभएकोसमेत न्यायाधीश समक्ष राख्नुभएको छ । लामिछानेलाई पहिलो पटक म्याद थप गर्न अदालतमा लगिएको हो र दोस्रो म्याद थपका लागि यही असोज २७ गते अदालत पेस गर्नुपर्नेछ ।

लामिछानेलाई नाबालिकामाथि जबरर्जस्ती करणी गरेको आरोपमा जाहेरी परेपछि न्यायिक हिरासतमा राखिएको छ । प्रहरीले यही असोज २० गते अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रक्राउ गरेको थियो । दसैं बिदापछि सोमबारदेखि अदालत खुलेको हुनाले म्याद थपका लागि लगेको हो ।

# उम्मेदवारले सामाजिक सञ्जालबाट गरिएको विज्ञापन खर्चमा पनि बुझाउनुपर्ने

काठमाडौँ, २४ असोज (रासस) ।
निर्वाचन आयोगले निर्वाचनका क्रममा सामाजिक सञ्जालबाट गरिने विज्ञापनको खर्चबारे उम्मेदवारले निर्वाचन सम्पन्न भएपछि कानूनबमोजिम पेस गर्ने निर्वाचन खर्च विवरणमा समावेश गर्न राजनीतिक दल र उम्मेदवारलाई आग्रह गरेको छ ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवारहरूको मनोनयनपत्र दर्ता कार्यक्रम सम्पन्न भएसँगै विभिन्न राजनीतिक दल र उम्मेदवारहरूबाट सामाजिक सञ्जालको समेत प्रयोग गरी प्रचारप्रसार र विज्ञापन हुन थालेको छ ।

आयोगले जारी गरेको 'निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७' बमोजिम निर्वाचनका सबै चरण र प्रक्रियामा सामाजिक सञ्जालको समुचित उपयोग गरिने जनाइएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले सोमबार विज्ञप्ति जारी सामाजिक सञ्जालमा सम्प्रेषित सूचना सामग्रीको प्रभावकारी नियमन, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी आयोगको सचिवालय र अन्तर्गतका कार्यालयसमेतको संयन्त्र बनाई नीतिको कार्ययोजनाबमोजिम भए गरेका काम कारबाहीको निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने कार्य भइरहेको जनाउनुभएको हो ।

आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन, २०७९ का लागि आयोगले राजनीतिक दल र उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको हद निर्धारण गरिसकेको छ । निर्वाचन आचारसंहिता, २०७९ को दफा १६ मा राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन खर्चसम्बन्धी पालना गर्नुपर्ने आचरणहरूको व्यवस्था गरिएको छ । सामाजिक सञ्जालबाट गरिने विज्ञापनको खर्चबारे उम्मेदवारले निर्वाचन सम्पन्न भएपछि कानूनबमोजिम पेस गर्ने निर्वाचन खर्च विवरणमा समावेशगरे नगरेको बारे आयोगको अनुगमन संयन्त्रमा रहेको अभिलेखसँग भिडाई परीक्षण गरिने भएकाले सामाजिक सञ्जालमार्फत हुने विज्ञापनका सबै खर्च विवरणसमेत चुस्तदुरुस्त राख्न सम्बन्धित सबै राजनीतिक दल र उम्मेदवारलाई आयोगले आग्रह गरेको हो ।


विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- सञ्चारमाध्यमले आफ्नो प्रभाव, पहुँच र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं।
- विज्ञापन दरमा छुट दिनेभए सोसमेत उल्लेख गरौं।
- निर्धारित दर सार्वजनिक गरौं र विज्ञापन बोर्डमा समेत पठाऔं।
- तोकिएको दर र छुटको सिमामा रही कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*